# स्थानीय राजपत्र

पाख्रीबास नगरपालिका द्वारा प्रकाशित

वर्ष- ४, सङ्ख्या-१९

भाग-१

## पाख्रीबास नगर शिक्षा ऐन, २०७७ (पहिलो संशोधन), २०७८

**सभाबाट पारित मिति :- २०७८/०५/२७**
**प्रमाणीकरण मिति :- २०७८/०५/२७**

**पाख्रीबास नगर शिक्षा ऐन २०७७, (पहिलो संशोधन), २०७८**

पाख्रीबास नगर शिक्षा ऐन २०७७ लाई संसोधन गर्न वाञ्छनिय भएकाले पाख्रीबास नगरपालिकाको विशेष नगरसभाबाट स्वीकृत गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम पाख्रीबास नगर शिक्षा ऐन, २०७७ (पहिलो संसोधन) २०७८ रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

२. पाख्रीबास नगर शिक्षा ऐन, २०७७ को दफा २९ मा संसोधनः पाख्रीबास नगर शिक्षा ऐन २०७७ ( यसपछि मूल कानुन भनिएको) को दफा २९ को सट्टामा देहाएको दफा राखिएको छ ।

३. "२९" शिक्षक तथा कर्मचारी सरुवा सम्बन्धी व्यवस्था

४. मूल ऐनको दफा २९ को उपदफा (१), (२), र (३) को सट्टा देहायका उपदफा राखिएको छ ।

"(१)" शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरबन्दी नभएको ठाउँमा सरुवा गर्न हुँदैन ।

"(२)" विषयगत दरबन्दी रहेकोमा सम्बन्धित विषयको शिक्षक सरुवा गर्नुपर्नेछ, तर एक विद्यालयबाट अर्को विद्यालयमा दरबन्दी सहित सरुवा भएको अवस्थामा यो उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

"(३)" उपनियम (१) वा (२) विपरित कसैले शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता वापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

"(४)" नगरपालिका भित्रको कुनै सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको देहायको अवस्थामा समान विषय र तहको दरबन्दीमा नगर शिक्षा समितिको निर्णय अनुसार नगर शिक्षा अधिकारी वा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्नेछ ।

(क) कुनै शिक्षक वा कर्मचारीको लगातार पाँच वर्ष वा सो भन्दा बढी एउटै विद्यालयमा सेवा अवधी भएको अवस्थामा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयको शिक्षक भई विषय मिलान गर्न सरुवा गर्नु परेमा,

(ग) दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भई नगरपालिका भित्रको अन्य विद्यालयमा सरुवा गर्नु परेमा,

(घ) कुनै शिक्षक उत्कुष्ट नतिजा ल्याउन सफल रहेको वा विशेष दक्षताका साथ सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ङ) तोकिएको जिम्मेवारी समयभित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रधानाध्यापकबाट सिफारिस भएमा,

(च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षक वा कर्मचारीलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा सम्बन्धित वडा समिति वा विद्यालय व्यवस्थापन समिति वा दुबैबाट सिफारिस भई आएमा,

(छ) पती पत्नी वा दुवै शिक्षक वा कर्मचारी रहेको अवस्थामा सकभर एकै वडा भित्रका नजिकका विद्यालयमा रहने गरी सरुवा गर्नुपर्ने भएमा,

(ज) कुनै विद्यालयमा रहेको दरबन्दीमा नगरपालिका भित्र कार्यरत शिक्षकले सरुवा हुन चाहेर कार्यरत विद्यालय र सरुवा हुन चाहेको विद्यालयको विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित निवेदन दिएमा,

"(५)" उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाभित्र कार्यरत शिक्षकलाई नगर शिक्षा समितिले आवश्यकता अनुसार जुनसुकै अवस्थामा सरुवा गर्न सक्नेछ ।

"(६)" उपदफा (४) बमोजिम सरुवा हुने शिक्षकले आफ्नो सरुवा उपर चित्त नबुझेमा ७ दिनभित्र नगर प्रमुख मार्फत नगर कार्यपालिकामा उजुरी दिन सक्नेछ । उजुरु दिएको ७ दिनभित्र नगर कार्यपालिकाले उजुरीको किनारा लगाउनु पर्नेछ । सरुवाको विषयमा उक्त निर्णय अन्तिम हुनेछ ।

“(७)” सरुवा भएको २१ दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई तोकिए बमोजिमको ढाँचामा रमाना दिई सो को जानकारी सम्बन्धित विद्यालय, नगरपालिकाको कार्यालय र शिक्षा विकास तथा समन्वय इकाइलाई दिनु पर्नेछ ।

“(८)” नगर शिक्षा समितिले सरुवा गरेको शिक्षकलाई कार्यरत विद्यालयबाट २१ दिनभित्रमा रमाना नदिने प्रधानाध्यापक, सरुवा भएको विद्यालयमा हाजिर नगराउने प्रधानाध्यापक र रमाना लिई हाजिर हुन नजाने शिक्षकको तलब भत्ता रोक्का गरी थप विभागीय कारबाही गरिनेछ, तर रमाना दिँदा नबुझेको प्रमाण पेश गरेमा प्रधानाध्यापकलाई यस प्रकारको कारबाही गरिने छैन ।

“(९)” यस नगरपालिकाबाट जिल्लाभित्रका अन्य स्थानीय तहमा शिक्षकको सरुवा तोकिए अनुसार हुनेछ ।

“(१०)” जिल्लान्तर र प्रदेश अन्तर शिक्षकको सरुवा संघीय तथा प्रदेश कानुनले तोके अनुसार हुनेछ ।

“(११)” शिक्षक तथा कर्मचारी सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

<u>आज्ञाले</u>

डिकबहादुर राई

प्रमुख प्रशासकीय अधिकृत

उप-सचिव